आज मिति २०८०।०३।२२ गते बिहान ८:०० बजे रिम्ती-कोट गाउँकार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कार्कीज्यूको अध्यक्षता र तपसिलको उपस्थितीमा बसी देहाय अनुसार निर्णय गरियो।

उपस्थिती :-

१) गा.पा. अध्यक्ष श्री नारायण बहादुर कार्की
२) " उपाध्यक्ष श्री कान्ता अधिकारी
३) " प्रवक्ता श्री प्रकाश रायमाझी
४) वडाअध्यक्ष वडा नं. १ श्री चिरञ्जीवी पोखरेल
५) " " २. श्री ओम प्रसाद पोखरेल
६) " " ३. श्री नारायण बहादुर के.सी.
७) " " ४ श्री सोम बहादुर कार्की
८) " " ५ श्री मन बहादुर अर्याल
९) " " ६ श्री दान बहादुर कुँवर
१०) " " ८ श्री चुरा बहादुर छहरी
११) कार्यपालिका सदस्य श्री मिना राना
१२) " " श्री रञ्जना खनाल आचार्य
१३) " " श्री गोमा थापा
१४) " " श्री शर्मिला नेपाली
१५) " " श्री गीता कौशल
१६) " " श्री सुनिता बस्याल
१७) सदस्य सचिव श्री मदन अर्याल
१८) आमन्त्रित श्री मञ्जु पन्थी लेखा अधिकृत
१९) " श्री खड्ग लाल भट्टराई अधिकृत, इ.ओ.
२०) " श्री काशिनाथ आचार्य " "
२१) " श्री पुरन कार्की इन्जिनियर

प्रस्तावहरु :

१. गाउँसभाको १३ औं अधिवेशनको तेश्रो बैठक सम्बन्धमा,

२. पाईप वितरण सम्बन्धमा,

३. विविध ।

निर्णयहरु :

१. गाउँसभाको १३ औं अधिवेशनको तेश्रो बैठकमा तपसिल बमोजिमका कार्य सूचीहरु राख्ने निर्णय गरियो ।

(क) सुन्य समयको प्रयोग,

(ख) गाउँपालिकाका ६ बटा विषयगत समिति र अन्य ३ बाट समितिहरु ( लेखा, न्यायिक, राजस्व परामर्श) को प्रतिवेदन प्रस्तुत ।

२.कृषि कार्य तथा खानेपानीको लागि आवश्यक पाइप वितरण कार्य व्यवस्थित गर्न रिब्दीकोट गाउँपालिकाको पाइप वितरण कार्यविधि, २०८० सम्बन्धमा व्यापक छलफल गरी पारित गरियो ।

३ (क) ख्याहा स्वास्थ्य चौकीमा रहेको लु.१ झ. ६४३ नं. को एम्बुलेन्स मर्मत गर्दा भएको खर्च रु.७१,७१०/३७ (अक्षेरुपी एकहत्तर हजार सात सय दस र पैसा सत्तरी) भुक्तनी दिने निर्णय गरियो ।

३ (ख) रिब्दीकोट गाउँपालिकाको आ.व.०७८/७९ को Upgrading of Bhairavsthan Bharkot Dumre Road- II (RRM/W/NCB- 04/78/79) श्री रिदम कन्स्ट्रक्सन, धनगडी – २, कैलाली संग रु.४२,४५,६०७/७५ (अक्षेरुपी रु बयालीस लाख पैतालिस हजार छ सय सात रुपैया पचहत्तर पैसा, मु.अ.क. सहित) मा मिति २०७९ बैशाख ६ गते सम्झौता भएकोमा बाढी पहिरोको कारणले आ.व.को अन्त्य सम्म काम सुरु हुन नसकेको र चालु आ.व. ०७९/८० र आगामी आ.व. ०८०/८१ मा समेत उक्त योंजनामा गाउँपालिका/प्रदेसबाट बजेट विनियोजन नभएकोले सो कन्स्ट्रक्सनले मिति २०८०/०३/१० गते कार्यालयलाई कुनै दायित्व नपर्ने गरी आपसी सहमतिको आधारमा उक्त ठेक्का अन्त्यका लागि निवेदन पेस गरेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(ख) बमोजिम सुविस्ताको आधारमा खरिद सम्झौता अन्त्य गर्ने निर्णय गरियो ।

३. (ग) यस कार्यालयले आ.व.०७७/७८ मा Construction of Contipokhara Deurali Khyaha Road (RRM/W/NCB- 06-077/078) श्री K.N.Builders रामपुर- ५, पाल्पा संग सम्झौता गरी काम गर्दै आएकोमा हाल सम्म समेत उक्त कार्य सम्पन्न नभएकोले यस कार्यालयको दायित्व नरहने गरी बाँकि कार्य गर्न सहमत भए Performance Bank Guarantee (PBG) को अबधि थप गरी पेस गरेमा ३ महिना म्याद थप गर्ने अन्यथा PBG को रकम दाबी गर्ने निर्णय गरियो ।

CamScanner